

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १७३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार २४ गते शुक्रबार ❑ 8 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## जामुने–कोत्रेका संरचना हटाउन मुआब्जा वितरण

**पोखरापत्र संवाददाता**
**दमौली, २३ असार**

मुग्लिन पोखरा सडक विस्तार योजना अन्तर्गत तनहुँको जामुनेदेखि कोत्रेसम्मका संरचना हटाउन रु दुई करोड ४५ लाख ३९ हजार ६३३ मुआब्जा वितरण गरिने भएको छ।

सडक विस्तार योजना अन्तर्गत पश्चिम खण्डको जामुनेदेखि कोत्रेसम्मका व्यक्तिगत तथा सार्वजनिक घर टहरा, पर्खाल लगायतका संरचना हटाउन उक्त मुआब्जा वितरण गर्न लागिएको हो । सडक मापदण्ड २५/२५ मिटर दायाँबायाँको क्षेत्रभित्र निर्माण गरिएका व्यक्तिगत तथा सार्वजनिक घरटहरा, पर्खाललगायतका संरचना हटाउनका लागि आयोजना प्रभावितलाई क्षतिपूर्तिबापत मुआब्जा वितरण गर्न लागिएको जनाइएको छ । सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैह्रेको संयोजकत्वमा गठित उपसमितिले म्याग्दे गाउँपलिकाको जामुनेदेखि शुक्लागण्डकी नगरपालिकाको कोत्रेसम्मका १३८ वटा संरचनाको क्षतिपूर्ति रकम वितरण गर्ने निर्णय गरेको छ । एसियाली विकास बैंकको 'सेफगार्ड पोलिसी स्टेटमेन्ट' अनुसार आयोजना प्रभावितलाई क्षतिपूर्ति रकम दिएर मात्र हटाउनुपर्ने व्यवस्था भएकाले मुआब्जा वितरण गर्न लागिएको आयोजना प्रमुख अमितकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

योजनाले गत असार १९ गते सूचना प्रकाशित गरी संरचना धनीहरूलाई सम्बन्धित पालिकाका वडा कार्यालयको सक्कल सिफारिस पत्र, नेपाली नागरिकताको प्रमाणपत्र, बैंक खाता नम्बर र हालसालै खिचेको फोटो निवेदनमा टाँस गरी कार्यालयमा सम्पर्क राख्न आउन अनुरोध गरेको छ । घर टहरा आदिको लागि क्षतिपूर्ति रकममध्ये आधा रकम पहिलो किस्तास्वरुप लिई पहिलो किस्ताबापतको क्षतिपूर्ति रकम बुझेको मितिले एक महिनाभित्र सम्पूर्ण संरचना हटाई सो को पुष्टि गरेपछि थप रकम भुक्तानी गरिने जनाइएको छ । आयोजना कार्यान्वयनमा आइपर्ने गुनासोको सुनुवाइ गर्नका लागि आयोजनाको दस्तावेज (पुर्नवास योजना) बमोजिम कार्य गर्न सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गुनासो सुनुवाइ समिति गठन गरिएको छ। समितिको सदस्यमा आयोजना प्रमुख, शुक्लागण्डकी नगरपालिकाका प्रतिनिधि, म्याग्दे गाउँपालिकाका प्रतिनिधि, आयोजनाको परामर्शदाताका वातावरण विज्ञ र सामाजिक विज्ञ रहनुभएको छ । मुग्लिन-पोखरा राजमार्गलाई चार लेनको बनाउन तनहुँमा दुई खण्ड विभाजन गरी कामलाई अगाडि बढाइएको छ। पश्चिम (जामुने-पोखरा) खण्डको ठेक्का यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सन कम्पनीले पाएको छ । उक्त कम्पनीले अहिले सडक फराकिलो बनाउने काम गरिरहेको छ। आयोजनाको पूर्वी खण्ड आँबुखैरेनी-जामुनेतर्फ पनि सडक चौडा बनाउने काम भइरहेको छ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ।

सडक विस्तार कार्यका लागि राजमार्ग आसपासका रुख काटिएको छ । हालसम्म पूर्वी खण्डमा तीन हजार १४ रुख कटान भइसकेका छन् भने पश्चिम खण्डमा दुई हजार २८० रुख कटान भइसकेको छ । विसं २०२६मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । ८० किलोमिटर सडकलाई दुई खण्डमा विभाजन गरेर ठेक्का लगाइएको छ । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ। चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५/२५ मिटर हुनेछ । बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ । डिजाईन अनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ । दुलेगौडादेखि खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौँडादेखि पोखरासम्म सडकको चौडाई ४६ मिटरको हुनेछ। सडक चार लेनको बन्दा अहिले भएका पुलको ठाउँमा नयाँ पुल बन्नेछ। आँबुखैरेनीदेखि पोखरासम्मको ८० किलोमिटर दूरीमा सडक चार लेन भएसँगै ३१ नयाँ मोटरेबल पुल निर्माण हुनेछ । आँबुखैरेनीदेखि मुग्लिन खण्डको आठ किलोमिटर दूरीको भने डिजाइन् हुँदैछ । यो खण्डमा हाल पृथ्वीराजमार्गको भएको स्थानमा मर्स्याङ्दी जलविद्युत् गृह रहेको छ । जलविद्युत् गृह र सडक फराकिलो बनाउन सकस हुने भएपछि सडकको रेखाङ्कन नै परिवर्तन गर्नुपरेको छ। चालु आर्थिक वर्षमा सङ्घीय सरकारले मुग्लिङ-पोखरा चार लेन सडक योजनाका लागि रु चार अर्ब ४३ करोड ४३ लाख बजेट विनियोजन गरेको छ । गत आर्थिक वर्षमा रु दुई अर्ब नौ करोड ५४ लाख ४ हजार विनियोजन भएको थियो।

## जनताप्रति उत्तरदायी भएर काम गर्नुहोस् : नेका उपसभापति खड्का

**पोखरापत्र संवाददाता**
**वालिङ, २३ असार**

नेपाली कांग्रेसका केन्द्रीय उपसभापति पूर्णबहादुर खड्काले नवनिर्वाचित जनप्रतिनिधिलाई जनताप्रति उत्तरदायी भएर काम गर्न सुझाव दिनुभएको छ।

नेपाली कांग्रेस स्याङ्जाले बुधबार स्याङ्जाको पुतलीबजारमा आयोजना गरेको नेपाली कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिको अभिमुखीकरण कार्यक्रममा उहाँले निर्वाचनका बेला मतदाताले गरेका अपेक्षाहरु पूरा गर्न तथा जनतासामु गरिएका प्रतिबद्धता पूरा हुने गरी अगाडि बढ्न सुझाव दिनुभएको हो ।

"नेपाली कांग्रेसले तयार पारेको घोषणापत्रमा उल्लेख गरिएका प्रतिबद्धतालाई पूरा गर्ने गरी जनप्रतिनिधि लाग्नुहोस्", उहाँले भन्नुभयो, "पार्टीको आधिकारिक घोषणापत्रअनुसार अगाडि बढेको खण्डमा जनताको विश्वासनीयता पार्टीप्रति बढ्दै गई पार्टी बलियो हुँदै जानेछ ।" अभिमुखीकरण कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य सरस्वती अर्याल तिवारी, पूर्वसांसद खगेन्द्रराज रेग्मी, कांग्रेस जिल्ला सभापति राजु थापा, गण्डकी प्रदेशसभा सदस्य मेखलाल श्रेष्ठ, भागवतप्रकाश मल्ल, कांग्रेस नेता भोजराज अर्याल, कांग्रेस गण्डकी प्रदेश सदस्य कविता तिवारी गैरे, गल्याङ नगरप्रमुख गुरुप्रसाद भट्टराई, भीरकोट नगरप्रमुख गोविन्दकुमार कर्माचार्य, कांग्रेस जिल्ला उपसभापति केदार काफ्लेलगायतले स्थानीय सरकार जनतासँग प्रत्यक्ष ठोकिने र जनताको नजिकको सरकार भएकाले जनताले अनुभूति गर्ने गरी कार्य सम्पादन गर्न नवनिर्वाचित जनप्रतिनिधिलाई आग्रह गर्नुभएको थियो।

## सवारी साधनमा लेखिएको सायरी र गजल हटाउने अभियान

**रासस**
**काठमाडौं, २३ असार**

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले सवारी साधनमा लेखिएको अश्लील, अपाच्य, गाली, कानूनविपरीत तथा समाजमा विकृति ल्याउने खालका साहित्यिक सायरी, कविता, गजल तथा विभिन्न भनाइ र लेखहरूलाई हटाउने अभियान सञ्चालन गरेको छ।

सवारीका विभिन्न भागमा लेखिएका त्यस्ता सामग्रीले चालकको ध्यान मोडिन गई दुर्घटना निम्त्याएको पाइएपछि काठमाडौँ उपत्यकामा ट्राफिक प्रहरीले उक्त अभियान थालेको जनाएको छ । नेपालको कानूनविपरीत महिला, बालबालिका, सीमान्तकृत समुदायलाई अपमान र अवहेलना गर्ने गरी कुनै पनि लेख रचना, कविता, सायरी वा कुनै पनि प्रकारका सामग्री प्रचारप्रसार गर्न वा लेख्न नपाइने भएकाले यसलाई अभियानकै रूपमा सञ्चालनमा ल्याइएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले जानकारी दिएको छ । अश्लील लाग्ने र द्विअर्थी लेखहरुले सामाजिक र मानसिकरूपमा खलल पुऱ्याउने, हिंसा र विकृति बढाउने र सडक सभ्यतामा पनि आँच पुऱ्याउने भएकाले त्यस्ता गतिविधि रोक्नतर्फ ट्राफिक प्रहरी लागिपरेको हो । सवारीको सिसामा स्टिकर वा अन्य कुनै प्रचार सामग्री नटाँस्न पनि ट्राफिक प्रहरीले चालकहरूलाई सुसूचित गरेको प्रहरी नायब उपरीक्षक बालनरसिंह राणाले जानकारी दिनुभयो । उहाँका अनुसार ट्राफिक प्रहरीले चालक आसपास क्याबिनको भागमा सजावटका लागि झल्लरलगायतका सामग्री तथा म्युजिक सिस्टम क्याबिनमा राख्न पनि रोक लगाएको छ।

## माओवादीले मात्रै नैतिकता र त्यागको संस्कार देखाउँछ : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, २३ असार**

नेकपा(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले नैतिकताको खडेरी परिरहेको मुलुकको राजनीतिमा प्रश्न उठेपछि राजीनामा दिएर अर्थमन्त्री जनार्दन शर्माले उच्च राजनीतिक संस्कार देखाएको बताउनुभएको छ।

राजधानीमा जारी केन्द्रीय समितिको बैठकमा सदस्यहरूले उठाएको प्रश्नको जिज्ञासाको जवाफ दिँदै उहाँले माओवादीले मात्रै नेपाली राजनीतिमा नैतिकताको संस्कार र त्याग पनि हुन्छ भन्ने विषयको सञ्चारसमेत भएको बताउनुभयो। अर्थमन्त्रीका रूपमा नेता शर्माले कुनै गलत काम नगरेको स्पष्ट पार्दै अध्यक्ष दाहालले बजेटमा समावेश भएका कतिपय प्रगतिशील विषय केही मानिसलाई मन नपरेको उल्लेख गर्नुभयो।

उहाँले वर्तमान सरकार र गठबन्धन बनेदेखि नै यसलाई टुटाउनका लागि अनेकन प्रयास भइरहेको तथ्य पेश गर्दै अर्थमन्त्रीको मानमर्दन गरिनु पनि त्यसैको निरन्तरता भएको अर्थ्याउनुभयो । "अर्थमन्त्रीले आफूले कुनै पनि गलत काम नगरेको भनेर पटक-पटक प्रष्टिकरण दिँदै आउनुभएको र बुधबार संसद्मा आफ्नो कुरा स्पष्टसँग राखेर राजीनामा दिनुभएको छ, यसले त्याग र नैतिकताको सन्देश गएको छ", अध्यक्ष दाहालले भन्नुभयो।

बजेट निर्माणको अन्तिम दिन अनाधिकृत मानिसलाई प्रवेश गराएको लगायतका विषयमा प्रश्न उठेपछि अर्थमन्त्री शर्माले राजीनामा दिनुभएको थियो। त्यस सम्बन्धमा छानबिनका लागि प्रतिनिधिसभाले ११ सदस्यीय छानबिन समिति गठन गरेको छ।

अनावश्यक विषयलाई उचालेर माओवादी नेतृत्वको मानमर्दन गर्ने र गठबन्धन धरापमा पार्न सकिन्छ कि भन्ने ध्येयका साथ केहीले गलत राजनीति गर्न खोजेपनि उनीहरू परास्त भएको अध्यक्ष दाहालको भनाइ छ।

यही असार १९ गते आइतबारदेखि सुरु भएको केन्द्रीय समितिको बैठकमा सोही दिन र सोमबार केन्द्रीय सदस्यहरूले आ-आफ्नो धारणा राख्नुभएको थियो । बैठकमा अध्यक्ष दाहालले १० पेज लामो राजनीतिक प्रतिवेदन पेश गर्नुभएको थियो।




# गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड पोखरामा सुरु

पोखरापत्र संवाददाता
पोखरा, २३ असार



पोखरामा बिहिबारबाट सुरु भएको गण्डकी प्रदेशस्तरीय छात्र/छात्रा रानङ शिल्ड प्रतियोगिता-२०७८ मा स्याङजाकी जानकी खरालले दुई स्वर्ण हात पारेकी छन् ।

छात्रातर्फ ८०० मिटरमा जानकीले २ मिनेट ४१।२ सेकेण्डमा पुरा गर्दै स्वर्ण हात पारिन् भने १५०० मिटर दौड उनले ५ मिनेट २६.४ सेकेण्डमा पुरा गर्दै स्वर्ण जितेकी हुन् । छात्रातर्फ ८०० मिटर दौडमा तनहुँकी बिनिता सार्की २ मिनेट ५२ सेकेण्डमा दौड पुरा गर्दै रजत पदक हात पार्दा बागलुङकी गंगा सुनारले २ मिनेट ५६.०३ सेकेण्डमा दौड पुरा गर्दै कास्य पदक हात पारिन् । यस्तै ८०० मिटर छात्र दौडमा बादल कार्कीले २ मिनेट ०५.०९ सेकेण्डमा दौड पुरा गरी स्वर्ण जिते भने कास्कीका प्रवेश आचार्यले २ मिनेट ०८ सेकेण्डमा दौड पुरा गरी रजत र लमजुङका बिकास पोखरेल २ मिनेट ०९.०१ सेकेण्डमा दौड पुरा गरी कास्य पदक प्राप्त गर्न सफल रहे । यस्तै १५०० मिटर छात्रातर्फको दौडमा बागलुङकी पार्वती नेपालीले ५ मिनेट ४०.३ सेकेण्डमा दौड पुरा गरी रजत पदक जितिन् भने नवलपुरकी यमुना थापाले ५१ मिनेट ४५.५ सेकेण्डमा दौड पुरा गरी कास्य पदक जित्न सफल भएका छन् । छात्रतर्फको १५०० मिटर दौडमा पर्वतका कृष्ण परियारले ४ मिनेट २२.९ सेकेण्डमा दौढ पुरा गरी स्वर्ण जितेका छन् भने लमजुङका विकास पोखरेलले ४ मिनेट २९.२ सेकेण्डमा दौड पुरा गरी रजत र कास्कीका बिबेक परियारले ४ मिनेट ३२.१ सेकेण्डमा दौड पुरा गरी कास्य पदकमा चित्त बुझाए ।

यस्तै बिहिबार नै सम्पन्न १०० मिटर दौड छात्रतर्फ नवलपुरका तारा प्रसाद थनेतले स्वर्ण पदक जितेका छन् । आफ्ना १० प्रतिष्पर्धीलाई उछिन्दै उनले १२.२ सेकेण्डमा पुरा गरी स्वर्ण जितेका हुन् । छात्रतर्फनै १२.०३ सेकेण्डमा दौड पुरा गरेका तनहुँका प्रेम बहादुर थापाले रजत पदक हात पार्दा म्याग्दीका आशिष केसीले १२.०९ सेकेण्डमा दौड पुरा गरी कास्य पदक प्राप्त गर्न सफल भए । छात्रा १०० मिटर दौडमा स्याङजाकी समिक्षा गैरेले १४।६६ सेकेण्डमा दौड पुरा गरी स्वर्ण पदक हात पारेकी छन् भने नवलपुरकी प्रतिक्षा वाग्लेले १५.२१ सेकेण्डमा दौड पुरा गरी रजत र लमजुङकी लक्ष्मी परियारले १६.०० सेकेण्डमा दौड पुरा गरी कास्य पदक हात पारिन् । यस अघि प्रतियोगिताको उद्घाटन गर्दै गण्डकी प्रदेश सभाका सभामुख नेत्रनाथ अधिकारीले खेलकुद विकासका लागि लगानी बढाउनु पर्ने कुरामा जोड दिएका छन् । पोखरा पर्यटकिय संगै खेलकुदको समेत अपार सम्भावना भएको हुनाले यहाँका खेल मैदान संगै रंगशालाहरुको संरक्षणका लागि विशेष ध्यान दिनुपर्ने कुरा उल्लेख गर्दै भने -'राष्ट्रियताको जर्गेना गर्ने विषय भन्नु नै खेलकुद हो, त्यसैले खेलकुद विकास संगै अन्तर र्ाष्ट्रियस्तरका खेलाडी उत्पादन गर्नेतर्फ सवैको ध्यान जान आवश्यक छ ।'

कार्यक्रममा प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, गण्डकी प्रदेश शिक्षा विकास निर्देशक अम्विका प्रसाद आचार्य, यूवा तथा खेलकुद मन्त्रालयका महाशाखा प्रमुख घनश्याम पौडेललगायतले विद्यालय लक्षित खेलकुद कार्यक्रमहरु सञ्चालन गर्न तथा एक विद्यालय एक शिक्षक हुनुपर्ने कुरालाई राज्यले विशेष रुपमा अघि बढाउनु पर्ने कुरामा जोड दिएका थिए ।

उद्घाटन कार्यक्रममा प्रदेश खेलकुद परिषदका सदस्य सचिव तेज बहादुर गुरुङले खेलकुद विकासका लागि कम्तिमा राज्यको कुल बजेटको २ प्रतिशत अनिवार्य विनियोजन भएमा खेलकुदले उचाई प्राप्त गर्ने बताए ।

प्रतियोगिता सुरु हुनु अघि भएको मार्चपासमा कास्की जिल्ला प्रथम भएको छ भने गोरखा जिल्ला दोस्रो र नवलपुरले तेस्रो स्थान हात पारेको छ । बिहिबार सम्पन्न विजेता खेलाडीहरुलाई प्रदेश सभाका सभामुख अधिकारी, गण्डकी प्रदेश सभा सदस्य मोहन रेग्मी, नेपाली सेना मध्य कमाण्डपति बाबुराम श्रेष्ठ, राखेपका सदस्य राजेश कुमार गुरुङ, प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, अग्रज खेलाडी खड्ग बहादुर रानाभाट लगायतले ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरेका थिए । यसै गरी प्रतियोगिता अन्तर्गत नै सम्पन्न भलिबल छात्रतर्फ बागलुङले पर्वतको सामना गर्नेछ भने कास्कीले स्याङ्जा संग भिड्ने आयोजकले जनाएको छ । प्रतियोगितामा गण्डकी प्रदेशका १० जिल्लाका ५ सय ७४ जना खेलाडीको सहभागिता रहेको छ । उनीहरुले एथलेटिक्स, भलिबल, कब्बडी, तेक्वान्दो, कराते र उशुमा प्रतिष्पर्धा गरिरहेका छन् । प्रतियोगिता भोली शुक्रबार सम्पन्न हुनेछ ।

# बेसलाइन एकेडेमीको रजत जयन्ती सुरु

पोखरापत्र संवाददाता
पोखरा, २३ असार



पोखरा महानगरपालिका वडा नं १३ स्थित बेसलाइन एकेडेमी स्कुलको शुक्रवारदेखि रजत जयन्ती सुरु हुने छ। स्कुलले बिहीवार पत्रकार सम्मेलन गर्दै सो जानकारी गराएको हो ।

२०५४ सालमा स्थापना भएको स्कुलले २५ वर्ष पुगेको अवसरमा आगमी माघ १४ गते सम्म नौ वटा कार्यक्रम आयोजना गरेको छ । रजत जयन्तीको अवसरमा विद्यालयले शुक्रवार अन्तर विद्यालय स्तरीय चित्रकला प्रतियोगिता गर्ने, साउन २० गते अन्तर विद्यालय स्तरीय एकल लोक नृत्य प्रतियोगिता गर्ने, भदौ ३१ गते अन्तर विद्यालय स्तरीय स्क्रायबल प्रतियोगिता गर्ने, कार्तिक २५ गते अन्तर विद्यालय स्तरीय नेपाली बक्तृत्वकला प्रतियोगिताग गर्ने बेसलाइन स्कुलका निर्देशक शोभालक्ष्मी पौडेलले जानकारी गराइन् । त्यसैगरी मंसीर १४ गते विद्यालय स्तरीय सेभेन ए साइड फुटबल प्रतियोगिता गर्ने, माघ ९ गते खुल्ला मिनी म्याराथुन प्रतियोगिता गर्ने लगायत स्वास्थ्य शिविर गरी आगमी माघ १४ गते वार्षिकोत्सव तथा रजत जयन्ती विशेष समारोह अयोजना गरी समापन गरिने स्कुलका प्रवन्ध निर्देशक षडानन्द गौतमले वताए । स्कुलले दर्जनौं शिक्षक, चिकित्सक, इन्जिनियरहरु, खेलकुदकर्मी, कलाकार र सफल व्यवसायी जन्माइसकेको प्रवन्ध निर्देशक गौतमले भने ।

बेसलाइनमा मावि तहमा उत्कृष्ट अंक ल्याउन सफल दिलु गुरुङ अग्रेजी विषयमा स्नातकोत्तर उर्तिणा गरी हाल सोही विद्यालयमा सहप्राचार्यको पद समालीरहेकी छिन् । रजत जयन्तीका पहिलो दिन शुक्रवार हुने चित्रकला प्रतियोगितामा ६० विद्यालयवाट एक सय २० जना सहभागी हुने उनै दिलुले पोखरापत्रलाइ वताइन् । पत्रकार सम्मेलनमा स्कुलका शिक्षक रामप्रसाद तिमिल्सिनाले साहित्यमय भाकामा कार्यक्रम संचालन गरेका थिए ।

# पोखरा १५ मा महिला तथा बालबालिका सचेतना कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २३ असार



पोखरा महानगरपालिका वडा नं -१५ ले 'महिला तथा बालबालिका सचेतना' कार्यक्रम सम्पन्न गरेको छ । वडामा बसोबास गर्ने महिला तथा बालबालिकाका हक अधिकार, कानुनी सचेतनाका साथै महिला बालबालिका माथि हुने हिंसा र दुर्व्यवहारबारे ज्ञान प्रदान गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरेको हो ।

कार्यक्रमको उद्घाटन गर्दै पोखरा -१५ का वडा अध्यक्ष तोरण बहादुर बानियाँले महिला तथा बालबालिका विरुद्ध हुने घरेलु हिंसा, अधिकार र कानुनी सचेतनाबारे जो कोही जानकार रहनुपर्ने बताए । उनले यसबारे सूचना प्रदान गर्न र वडामा यस्ता कार्यक्रमलाई निरन्तरता दिन आगामी बजेटमा पनि प्राथमिकतामा राखिएको बताए । कार्यक्रममा पोखरा महानगरपालिकाका न्यायिक समितिका सल्लाहकार राममणि अधिकारीले महिला सचेतनाका बारेमा बोल्दै समाजमा बस्दा आइपर्ने विविध समस्याहरूका बारेमा महिलाले गर्नुपर्ने सहजिकरणका साथै विवाद समाधानका लागि चाल्नु पर्ने कदमहरूका बारेमा जानकारी दिए । उनले विवाद आइपरेमा दोहरो पक्षको कुरा सुन्ने, न्याय अन्याय छुट्याउने, छिमेकीसँग कुरा गर्ने र विवाद समाधानका उपाय निकाल्नु पर्नेमा जोड दिए ।

यस्तै, प्रशिक्षक भोलानाथ पौडेलले बाल अधिकारका बारेमा बोल्दै बालबालिकाको संरक्षण, पालन पोषण, शिक्षा लगायत चेतना अभिवृद्धिका लागि ध्यान दिनुपर्ने बताए। उनले 'बच्चाले जे भोग्छ, त्यही सिक्छ' भन्दै भविष्यमा बालबालिकालाई कस्तो बनाउने भन्ने जिम्मेवारी बाबुआमा तथा संरक्षकको हातमा रहने भन्दै उनीहरूको बाल मस्तिष्क अनुकूल वातावरण सृजना गर्नुपर्नेमा जोड दिए। पौडेलले बालबालिकालाई दिइने यातना, बालबालिका अनुकूल न्याय, जोखिममा रहेका बालबालिकाको संरक्षण, उनीहरूको अधिकार र दायित्वबारे सचेतना बाँडेका थिए ।

कार्यक्रममा पत्रकार अधिवक्ता तथा सामाजिक अभियन्ता शुष्मा पौडेलले ' आज खुसी हुन नसक्ने मानिस संधैभरी खुसी रहन नसक्ने' भन्दै खुसी रहन अपनाउनुपर्ने उपायहरू बारे बताइन्। मानिस जन्मिएर जान्ने बुझ्ने भएपछि मृत्यु पर्यन्त खुसीको आसमा बस्ने गरेको भन्दै खुसी कसैले नदिएर आफै भित्र खोज्नुपर्ने बताइन्। उनले कानुनी संविधान चिन्नुपर्ने भन्दै महिला हिंसाबारे महिलाहरू नै सचेत भएर हक अधिकारको बारेमा जानकारी राख्नुपर्नेमा जोड दिइन् ।

कार्यक्रमको संयोजन कार्यपालिका सदस्य मन्दिरा परियारले गरेकी थिइन् । भने,सदस्यहरु सेतीमाया गुरुङ, आशिष भण्डारी र वलराम पौडेलले सहजीकरण गरेका थिए ।

# चट्याङ लागेर दुई जनाको मृत्यु

पोखरापत्र संवाददाता
बागलुङ, २३ असार

गए राति परेको चट्याङले बागलुङमा दुई जनाको मृत्यु भएको छ भने एक जनाको घाइते हुनुभएका छन् ।

चट्याङ लागेर जिल्लाको निसीखोला गाउँपालिका-३ बस्ने ७६ वर्षीया नरमती घर्ती र निसीखोला -६ गुम भन्ने स्थानकी १६ वर्षीया ज्ञानमाला परियारको मृत्यु भएको हो । घर्तीको उपचारका क्रममा र परियारको सोही स्थानमै मृत्यु भएको थियो । निसीखोला-५ बस्ने जुठी बुढा भन्नेको घरमा बस्न गएको समयमा अचानक चट्याङ पर्दा घर्तीलाई चट्याङ लागेको थियो । यस्तै निसीखोला -६ गुम भन्ने स्थानमा चट्याङ परी ३३ वर्षीया ननसरा परियार घाइते भएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी इन्द्रबहादुर रानाले जानकारी दिनुभयो । उहाँका अनुसार घाइते ननसराको स्वस्थ्यचौकी निसीमा उपचार भइरहेको छ ।


## सूचना ! सूचना !! सूचना !!!

यस **विशाल बचत तथा ऋण सहकारी संस्था लि.** को खेलकुद उपसमितिद्धारा आयोजित **अन्तर संचालक व्याडमिन्टन प्रतियोगिता** निम्न मिति, समय र स्थानमा संचालन हुन गईरहेको सन्दर्भमा सम्बन्धित वडाका वित्तीय सहकारी संस्थाहरुलाई पत्राचार भईसकेको छ, कुनै कारणवश पत्र नआएको भए यसै सूचनालाई आधारमानी उक्त व्याडमिन्टन प्रतियोगितामा सहभागिता जनाईदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

**प्रतियोगिता संचालन मितिः २०७९/०३/२५ गते शनिबार**
(9 July 2022 Sat.)

**समयः बिहान ७ः १५ बजे**
**स्थानः सोपाल तमु समाज पोखरा-८, बगालेटोल**

**ईन्द्रराज अर्याल**
**संयोजक**
**विशाल वचत तथा ऋण सहकारी संस्था लि.**
**खेलकुद उपसमिति**
**मो. ९८४६०२६९४६**



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९ः०० बजेदेखि बेलुकी ५ः०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

## सम्पादकीय

# माओवादी केन्द्र पदाधिकारी चयन गर्न असफल

नेकपा माओवादी केन्द्रको पदाधिकारीको टुंगो लगाउने कार्यसूची रहेको केन्द्रीय समितिले अध्यक्ष पुष्पकमल दाहाललाई जिम्मा दिइएको छ। चार दिन बसेको केन्द्रीय समिति बैठकमा महासचिव लगायत पदाधिकारीमा सहमति जुट्न सकेको छैन। सहमति नजुटेपछि दाहाललाई पदाधिकारी चयनको जिम्मा दिइएको छ। बैठकमा अध्यक्ष दाहालले पदाधिकारी चयन गर्नका लागि आफूलाई २-४ दिन समय मागेका छन । दाहालको खल्तीमा सबै पदाधिकारीको सूची रहेको प्रचार गरिएको छ।

बैठकमा अध्यक्ष दाहालले सबै पदाधिकारीको नाम वाचन गर्न त सक्छु तर मलाई भन्न नलगाउनुस् भनेर सहमति जुटाउने समय मागेका छन । २-४ दिनमा सबैको अनुहार उज्यालो हुने गरी चयन गर्छु भनेर केन्द्रीय सदस्यहरूलाई आश्वस्त पार्न खोजेका छन । तत्कालको आक्रोश शान्त पारेर पछि अनुकूलको ब्यक्ति बनाउने दाहालको पुरानै शैली हो। यश पटकको केन्द्रीय समितिमा पनि त्यस्तै खेल खेलेर पोलिटव्युरो र स्थायी समिति गठन गरेका छन । पोलिटव्युरो सदस्यहरूको नाम घोषणा गर्दा विवाद भएपछि एक घण्टा बैठक स्थगित गरेर तीन चरणमा नाम घोषणा गरे।स्थायी समिति ४१ सदस्यीय हुने घोषणा भएको छ।

बिहीबार नै गठन गरिएको स्थायी समितिका बाँकी सदस्य चयन गर्ने जिम्मा पनि दाहाललाई दिइएको छ । ४१ सदस्यीय स्थायी समितिमा नेकपाकालका १५ जनाको मात्रै नाम टुंगो लागेको छ। माओवादीमा एक वरिष्ठसहित ६ उपाध्यक्ष, एक महासचिव, २ उपमहासचिव, ३ सचिव र १ कोषाध्यक्षसहितका पदाधिकारी चयन बाँकी रहेको छ । माओवादीले गत पुस महिनामा ८औं महाधिवेशन आयोजना गरे पनि केन्द्रीय समिति, स्थायी कमिटी, पोलिटब्युरो र पदाधिकारी टुंग्याउन सकेको थिएन। पार्टीको सबै बोझ एक्लै बोक्दै आएका दाहालले पदाधिकारी चयन नहुँदासम्म बोक्ने भएका छन।सबै अधिकार एक्लैले लिने दाहालको चलाखीले उनलाई राजनीतिको केन्द्रमा राख्न सघाएको छ।

महाधिवेशन भएको ७ महिनापछि बसेको नेकपा माओवादी केन्द्रको केन्द्रीय समिति बैठक पदाधिकारी नगरी विवादका बीच पोलिटव्युरो र स्थायी समिति पनि अधुरै हुनेगरी टुंग्याइएको छ। नेकपा कालका १५ जनालाई पार्टीको स्वतः स्थायी समिति सदस्य कायम गरे पनि बाँकी २६ जना पछि ल्याइने भएका छन । अध्यक्ष प्रचण्डले पदाधिकारीको चयन भने १५ दिनपछि गर्नेगरी बैठक सकाएका छन् । पार्टीको घात अन्तर्घात र नेतृत्वमाथि प्रश्न उठेकाले छानविन गरेर पदाधिकारी टुंग्याइने अध्यक्ष दाहालले जानकारी गराएका छन।यसका लागि अनुशासन आयोगका अध्यक्ष टंक राईको नेतृत्वमा छानविन समिति गठन गरिएको छ। समितिले स्थानीय चुनावमा प्रदेशबाट आएको अन्तर्घातको रिपोर्टमा छानविन गर्नेछ। समितिलाई १५ दिनको समय दिइएको छ।

पोलिटब्यूरोमा विवाद भएपछि १२५ बाट बढाएर १५६ जना पुऱ्याइएको छ। जसमा ३१ जना वैकल्पिकमा राखिएको छ । वैकल्पिकमा समावेशिता, क्षेत्रीयताका आधारमा छनौट गरिएको छ। पार्टीको बैठक कार्यसूची अनुसार चलाउन नचाहनु सबै शक्ति आफुमा केन्द्रीत गर्नु हो । पार्टीमा बहुकेन्द्र हुन नदिने उपाय पनि हो।पार्टीमा आन्तरिक जनवादको विकास हुन नसक्दा सधै आफ्नो अपरिहार्यता छ भन्ने देखाउने सामान्ती चिन्तन हो । नेतृत्वमा यस्तोमा चिन्तन र व्यवहार रहँदा सम्म लोकतन्त्र सबल हुन सक्दैन।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# फोहोरलाई मोहरमा परिणत गर्दै स्याङ्जाको वालिङ

**प्रकाश डोटेल**
**स्याङ्जा, २३ असार**

देशका धेरैजसो स्थानीय सरकारको टाउको दुःखाईको मुख्य विषय बन्दै गएको छ, 'फोहोरमैला व्यवस्थापन ।' स्थानीय सरकारको ईच्छा शक्ति नभएर ? कि उपयुक्त विकल्पको अभाव।

उपयुक्त बिकल्प र समाधानको स्वरुप नयाँ शैलीमा स्याङजाको वालिङ नगरपालिकाले फोहोरमैला व्यवस्थापन गर्दै आएको छ । वालिङमा फोहोरमैला समस्या नभएर श्रोतको रुपमा विकसित हुँदै गएको छ । फोहोरमैला व्यवस्थापनले नगर सफा मात्र होईन, मोहरमा परिणत भएको छ । वालिङले फोहोरमैलाको व्यवस्थापनसँगै त्यसबाट आयआर्जन पनि गर्न सकिन्छ भन्ने प्रमाण दिएको छ । लामो समयको अध्ययन र अनुसन्धानपछि वालिङले नयाँ सोचका साथ फोहोरमैला व्यवस्थापन गर्दै आएको छ। बजार क्षेत्रबाट संकलित फोहोरमैलालाई वर्गीकरण, वर्गिकृत फोहोरमैला कुहिने र नकुहिने वर्गमा राख्छ । नगरपालिकाले कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै दिनमा संकलन गर्छ भने दैनिक ५ टन फोहोर संकलन हुन्छ । कुहिने वस्तुलाई नगरले कम्पोष्ट मल बनाएर उपयोग गर्दै आएको छ। कम्पोष्ट मल संकलन केन्द्रबाटै बिक्री हुने गरेको नगरका प्रमुख प्रशासकिय अधिकृत राजन भट्टराईले जानकारी दिए। नकुहिने सामग्री शिशाजन्य, फलाम, प्लास्टिक, कपाल जस्ता वस्तुलाई पनि वर्गीकरण गर्दै बजारीकरण गरेको भट्टराईले बताए । नकुहिने वस्तुहरू उद्योगका कच्चा पदार्थका रुपमा निकासी गरिएको छ । कच्चा पदार्थले वालिङ नगरपालिकाले फोहोरलाई मोहरमा परिणत गरेको छ। वर्षेनी लाखौं रुपैयाँ नगरपालिकालाई आम्दानी हुँदै आएको छ। केन्द्रबाट हुने आम्दानीले एक दर्जन कर्मचारीलाई पारिश्रमिक




दिएर रोजगार समेत बनाएको नगरपालिकाले जनाएको छ।

आर्थिक वर्ष २०७७/०७८ मा फोहोरमैला बिक्रीबाट वालिङ्ले २५ लाख रुपैयाँ आम्दानी गरेको थियो। देशभरका नगरपालिकामध्ये वालिङ यसअघि नै सर्वोत्कृष्ट भएर पुरस्कृत पनि भइसकेको छ । संघीय तथा स्थानीय विकास मन्त्रालयले २०७४ सालमा सर्वोत्कृष्ट सफा नगरका रूपमा वालिङलाई पुरस्कृत गरेको थियो । नगरपालिकाको 'सरसफाई केन्द्र' अन्यका निम्ति सिकाइ केन्द्रका रुपमा रुपान्तरण भएको नगरका सूचना अधिकारी बाबुराम सापकोटाले बताए।

वालिङ नगरपालिका १ अर्मादी रामबाच्छको तल्लो भागमा नगरपालिकाको सरसफाई केन्द्र छ । केन्द्र आँधीखोला किनारको बगरमा छ। नगरपालिकाले पूर्णामृत भवानी माध्यमिक विद्यालयको ३२ रोपनी जग्गा २० वर्षका लागि भाडामा लिएर केन्द्र निर्माण गरेको हो । केन्द्रमा दैनिक ४ जना कुचिकार र अन्य ५ जना कर्मचारीले फोहोर वर्गीकरण गर्दै आएका छन् । नगरले आधुनिक मेसिनबाट फोहोरमैला वर्गीकरण गर्ने गरी तयारी थालेको छ । फोहोरमैला व्यवस्थापनमा नगरपालिका र विभिन्न दातृ निकायले सहयोग गर्दै आएका छन् । सरसफाइका लागि आवश्यक भौतिक संरचना पनि बनाइएको छ । केन्द्रमा एकातिर कुहिने वस्तु र कम्पोष्ट मल राखिन्छ भने अर्कातर्फ फलाम, सिसा, प्लास्टिकलगायतका नकुहिने वस्तु छुट्टाएर राखिने गरेको सापकोटाले जानकारी दिए। केन्द्र वरिपरि फलफूल अरू रूख बिरुवा रोपण गरिएको छ। केन्द्र आसपास प्राकृतिक वातावरण पनि सुन्दर देखिन्छ । एकद्धार प्रणालीबाट फोहोरमैला व्यवस्थापन गरिदै आएको छ । एकीकृत फोहोरमैला व्यवस्थापनका क्षेत्रमा नगरपालिका तहमा सञ्चालनमा आएको यो प्लान्ट नेपालकै पहिलो भएको नगरपालिकाले दाबी गरेको छ।

केन्द्रबाट निस्कने पानीलाई सिँचाइमा पनि प्रयोग गर्न सकिन्छ। वालिङ नगरपालिकाले २०७१ सालदेखि स्थानीय एक गैरसरकारी संस्था (दिदीबहिनी एवं समाज उत्थान) लाई ४ वर्षसम्म फोहोरमैला व्यवस्थापनको जिम्मा लगाएको थियो। विगत ५ वर्षदेखि भने नगरपालिकाले आफैंले फोहोर व्यवस्थापनको काम गर्दै आएको छ । नगरपालिका सरसफाई शाखा प्रमुख ज्योति पौडेल नगरपालिकाले फोहोर उठाएर मात्र नहुने भन्दै वर्गीकरण गर्ने काम महत्वपूर्ण हुने बताउँछन।

नगरपालिकाले सेफ्टी टंकीलगायत फोहोरजन्य पानीको व्यवस्थापनसमेत गर्दै आएको छ। घर-घरमा रहेका सेफ्टी ट्यांकी भरिएपछिट्यांकरखोज्नुनिकैकठिन हुने स्थानीयले सुनाए। त्यहाँबाट उत्पन्न हुने फोहोर जहाँ पायो त्यतै फाल्न पनि नहुने फोहोरलाई वातावरणीय दृष्टिकोणले पनि असहज हुने भएपछि नगरपालिका आफैंले सेफ्टी ट्यांकी सरसफाइको काम गर्न थालेको नगरपालिकाले जनाएको छ।

नगरपालिकालाई ६ हजार ५ सय रुपैयाँ बुझाएपछि आफैं सेफ्टी टंकी सफा गरिदिन्छ । त्यसका लागि नगरपालिकाले दिसाजन्य लेदो व्यवस्थापन प्लान्ट पनि सञ्चालनमा ल्याएको छ । दिसाजन्य लेदोबाट बायोग्यास र कम्पोष्ट मल बन्छ भने त्यहाँबाट निस्कने पानीलाई प्रशोधन गरी पुन : प्रयोग गर्न मिल्ने बनाएको नगरपालिकाले जनाएको छ।

नगरवासीहरू फोहोरमैला ब्यवस्थापनमा भएको यो 'चमत्कार' को श्रेय निवर्तमान नगरप्रमुख दिलिप्रताप खाँणलाई दिन्छन । बिज्ञान बिषयका विद्यार्थी खाँण आफै रचनात्मक, सिर्जनात्मक र अन्वेषणात्मक कार्य गर्न रुची राख्छन् । खाँणले आफ्नो कार्यकालमा 'पहिला फोहोरमैला चिनौं, त्यसपछि व्यवस्थापन गरौं, भन्ने नारा नै दिएका थिए । वालिङ पुरस्कृत भएपछि 'सिक्नका लागि विभिन्न पालिका र संघ-संस्था' गरी ५ सयवटा बढीले स्थलगत अध्ययन गरिसकेको नगरपालिकाले जनाएको छ । वालिङको सफाई केन्द्र हेरेर गएका पालिकाले फोहोरमैला ब्यवस्थापनमा धेरै राम्रा काम गरेका नगरपालिकाका अधिकृत पाण्डेले सुनाए । पालिकाले फोहोरमैलाको परिमाण र प्रकृति अनुरूप प्रतिघर ५० देखि ५ सय रुपैयाँसम्म मासिक शुल्क लिदै आएको छ।

आर्थिक वर्ष २०७१/०७२ मा १ लाख ७९ हजार, २०७२/०७३ मा ३ लाख ४९ हजार ९ सय ९०, आ.व.२०७३/०७४ मा ७ लाख २४ हजार ८ सय १५ र पछिल्लो वर्ष ४ लाख ८१ हजार ४ सय १३ रुपैयाँ फोहोरमैला बिक्रीबाट आम्दानी गरेको दिदी बहिनी एवं समाज उत्थान गैरसरकारी संस्थाका अध्यक्ष यामप्रसाद भण्डारी (कृष्ण) ले जानकारी दिए।

# व्यास नगरपालिका पूर्ण खोप सुनिश्चित घोषणा

**पोखरापत्र संवाददाता**
**दमौली, २३ असार**

व्यास नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता भएको नगरपालिका घोषणा गरिएको छ। नगरपालिकाभित्रका लक्षित बालबालिकालाई सबै खोप पूरा गरिएपछि नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता भएको पालिका घोषणा गरिएको हो।

नगरपालिकाभित्रका १६ महिनादेखि २३ महिनासम्मका आठ सय २७ बालबालिकालाई सबै खोप लगाइसकेपछि पूर्ण खोप सुनिश्चित घोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले जानकारी दिनुभयो । १६ महिनादेखि २३ महिनासम्मका सात जना बालबालिकाले खोप लगाउन छुटेकामा उनीहरुलाई पनि यही अवधिमा पूर्ण खोप लगाइएको सोतीले बताउनुभयो । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले घोषणा मात्रै ठूलो कुरा नभएकाले यसलाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो। "पूर्ण खोप सुनिश्चितता अभियानलाई दिगोपना कायम राख्नका लागि नगरपालिका प्रतिबद्ध छ," उहाँले भन्नुभयो।

जिल्लाका सबै पालिकालाई पूर्ण खोप सुनिश्चित घोषणा गर्ने प्रक्रिया अगाडी बढाइएको स्वास्थ्य कार्यालयले जनाएको छ। यसअघि घिरिङ गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित घोषणा गरिएको छ। भानु नगरपालिका, आँबुखैरेनी कार्यालय, भिमाद नगरपालिका, ऋषिङ गाउँपालिकाले पूर्ण खोप सुनिश्चित घोषणाका लागि कार्यालयलाई अनुरोध गरेको कार्यालय प्रमुख शङ्करबाबुअधिकारीलेजानकारी दिनुभयो।

# 'बायोडी ड्रप्स' औषधि विक्री वितरणमा रोक

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ असार**

औषधि व्यवस्था विभागले बच्चामा प्रयोग गरिने 'बायोडी ड्रप्स' नामक औषधिको विक्री वितरणमा रोक लगाएको छ।

विभागका महानिर्देशक भरत भट्टराईले बिहीबार सूचना जारी गर्दै 'बायोडी ड्रप्स' औषधिको प्रयोगले बच्चामा विभिन्न नकारात्मक असर देखिकाले विक्री वितरण गर्न रोक लगाइएको जनाउनुभएको छ । उक्त औषधि बच्चालाई भिटामिन सी को रूपमा खुवाउने गरिन्थ्यो। उक्त औषधि भारतको जी प्रयोगशालाबाट उत्पादन गरिएको हो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १९ घार्मी राम्चे पुरनखोला विद्याखोरी डाँडा सडक स्तरोन्नती कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः राम्चे पुरनखोला विद्याखोरी डाडाँ सडक स्तरोन्नती निर्माण**
**स्थानः पोखरा–१९ कास्की, घार्मी**
**योजना सम्झौता मिति : २०७९/०१/०८ गते**
**योजना सुरु भएको मिति : २०७९/०१/०९ गते**
**योजना सम्पन्न मितिः २०७९/०३/१५ गते**
**योजनाको कुल लागत : रु. ४७,०५,८८३।–**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.४०,००,०००।–**
**जनश्रमदानवाट : रु.७,०५,८८३।–**
**उपभोक्ता समिति अध्यक्षः तेजेन्द्र प्रसाद पौडेल**
**सम्पर्क नं. ९८५६०२६८१८**
**उपाध्यक्षः नमराज पौडेल, सचिवः नारायण अधिकारी, कोषाध्यक्षः दुर्गादेवी पौडेल सदस्य संख्याः ९, महिलाः ३ जना**

**राम्चे पुरनखोला विद्याखोरी डाँडा सडक स्तरोन्नती**
**पोखरा-१९, घार्मी, कास्की**

# अन्तिम चरणमा दोर्दी-१ आयोजनाको निर्माण कार्य

**पोखरापत्र संवाददाता**
**लमजुङ, २३ असार**

यहाँ निर्माणाधीन दोर्दी-१ जलविद्युत् आयोजनाको निर्माण कार्य अन्तिमचरणमा पुगेको छ। दोर्दी खोला जलविद्युत् कम्पनीले निर्माण गरेको यस आयोजनाको निर्माण कार्य ९९ प्रतिशत सम्पन्न भएको आयोजना प्रमुख उज्जवल सिलवालले बताउनुभयो।

उहाँले भन्नुभयो, "हामीले आयोजनाको अधिकांश काम सम्पन्न गरिसकेको र अब नाली बनाउने, केही भागमा सफा गर्ने कार्य बाँकी छ, बिजुली उत्पादनका लागि यी कामले असर गर्दैन, तर २२० केभीको राष्ट्रिय प्रशारण लाइन बनिनसक्दा परीक्षण गरेर बिजुली उत्पादन गर्न नसक्दा समस्या भइरहेको छ।" उहाँका अनुसार सम्बन्धित निकायसँग बुझ्दा एक हप्ताभित्र प्रशारण लाइनको काम सम्पन्न हुने भनिएको छ। "यदि एक हप्ताभित्रमा सम्पन्न भएमा सो पश्चात् हामी १० दिन जति बिजुली उत्पादन परीक्षण थाल्छौं, त्यसमा सफल भएमा साउनबाटै बिजुली उत्पादन हुने छ", उहाँले भन्नुभयो।

मर्स्याङ्दी कोरिडोर अन्तर्गतको निर्माणाधीन २२० केभी उदिपुर-मार्कीचोक-भरतपुर डबल सर्किट प्रसारण लाइनको उदिपुरदेखि मध्यमर्स्याङ्दी खण्डको छ किलोमिटर खण्डमा तार तान्ने काम सम्पन्न भइनसक्दा बिजुली परीक्षण गर्न नसकिएको आयोजनाले जनाएको छ। आयोजनाबाट उत्पादन हुने विद्युत दोर्दी कोरिडोरको कीर्तिपुर सबस्टेसनमा लगेर जोडिनेछ । यस आयोजनाले पेनस्टक पाइप, बाँध, आयोजनाको ७१५ मिटर लामो अर्को पेनस्टक पाइप जडानको काम, विद्युतगृहको सिभिल संरचनाको काम पनि सम्पन्न भइसकेको जनाएको छ।

त्यस्तै २.५ किलोमिटर मुख्य सुरुङको ढलान गर्ने, सफा गर्नेलगायत फिनीसिङको काम, बाँध क्षेत्रको सिभिल निर्माण कार्य सबै सम्पन्न भएको आयोजना प्रमुख सिलवालको भनाइ छ। विसं २०७४ बाट थालनी गर्दै विसं २०७६ चैत महिनामा सक्ने आयोजनाको लक्ष्य थियो । दोर्दी खोलामा आएको बाढी, कोरोना संक्रमणका कारण लकडाउन लगायत विविध कारणले निर्धारित समयमा सम्पन्न हुन नसकेपछि पटक पटक म्याद थप गरिँदै आएको थियो।

दुई अर्ब २९ करोडको लगानीमा निर्माण सक्ने रहे पनि आयोजनाको निर्माण अवधि लम्बिँदा उक्त रकमभन्दा करिब रु ३० करोड बढी लाग्ने अनुमान आयोजनाको छ । यस आयोजनाले नेपाल विद्युत् प्राधिकरणसँग वर्षायाममा चार रुपैयाँ ८० पैसा र सुक्खायामका लागि आठ रुपैयाँ ४० पैसामा विद्युत् खरिद सम्झौता (पिपिए) गरेको छ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १ सिमपानी लामपाटन स्थित सिमपानी लामपाटन पार्क निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : सिमपानी लामपाटन पार्क निर्माण
उपभोक्ता समितिः सिमपानी लामपाटन पार्क निर्माण उपभोक्ता समिति, पोखरा १ कास्की
सम्झौता मिति : २०७९/१/१४ गते
योजना सुरु मिति : २०७९/१/२५ गते
योजना सम्पन्न मिति : २०७९/०३/२२ गते
योजनाको कुल लागत : रु. २७,३६,९९०/९८
योजनाको कुल खर्चः रु. २६,९७,५९४/६१
महानगरपालिकाबाट प्राप्त : रु. २३,२६,४४२/३५
उपभोक्ताबाट : रु. ४,१०,२४८/६५

**उपभोक्ता समिति**
**अध्यक्ष : जगन कुमारी गुरुङ**
**सचिव : हरि कुमारी गुरुङ**
**कोषाध्यक्ष : शारदा अधिकारी**
**सदस्यहरु : कविता भण्डारी, चन्द्र सुवेदी, सविता सुनार, राजाना भण्डारी, ऐश्वय तामाङ र माया शाही**

**सिमपानी लामपाटन पार्क उपभोक्ता समिति**
पोखरा-१, कास्की

# अपाङ्गता भएका महिलालाई आघात व्यवस्थापन सम्बन्धी ट्रमा काउन्सेलिङ तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ असार**

नेपाल अपाङ्ग महिला संघको आयोजनामा पोखरामा अपाङ्गता भएका महिला, बालिका विरुद्ध हुने लैगिङ्ग हिंसा र आघात व्यवस्थापन सम्बन्धि ५ दिने ट्रमा काउन्सेलिङ तालिम शुरु भएको छ।



विभिन्न परिस्थितिका कारणा अपाङ्गता हुन पुगेका व्यक्ति र उनीहरुले भोग्नु परेको विभेद हिंसा र त्यसबाट उत्पन्न हुने मानसिक स्वास्थ्य समस्यालाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने विषयमा तालिम केन्द्रित हुने तालिमका सहजकर्ता कञ्चन रावतले जानकारी दिनुभयो । उहाँले भन्नुभयो "जीवन सधै सोचे जस्तो हुँदैन, सोच्दै नसोचेका कतिपय घटना दुर्घटनाले मानिसको जीवनले फरक मोड लिन्छ, त्यसलाई स्विकार्न मानिसलाई निकै गाह्रो हुन्छ मानसिक समस्याहरु देखिन्छन् ।" उहाँले पाँच दिवसीय बन्द सत्रको तालिमबाट विभिन्न मोडहरुमा रहेर जीवन भोगीरहेका अपाङ्गता भएका महिलालाई उदासी र नैराश्यताबाट टाढा रहेर कसरी सकारात्मक रुपमा सार्थक जीवन जिउने भन्ने विषयमा तालिम प्रदान गरिने बताउनु भयो । सेवाग्राहीहरुको प्रारम्भिक अवस्थाको मनोविज्ञान अध्ययन गरेर सेवा प्रदायकहरुले सोही आधारमा प्रभावकारी सेवा प्रदान गर्न सक्ने व्यवहारिक पक्षहरुलाई तालिममा समावेश गरिएको रावत बताउनुभयो।

नेपाल अपाङ्गता महिला संघको अध्यक्ष तारा दाहालले अपाङ्गता भएकाहरु प्रति समाज अझै पनि सकारात्मक हुन नसकेको बताउनुभयो । उहाँले प्रदेशका कास्की, तनहुँ, म्याग्दी, गोर्खा जिल्लाका अपाङ्गता भएका महिला तथा सरोकारवालाका लागि पहुँचयुक्त आघात व्यवस्थापन र मनोपरामर्श सम्बन्धि तालिम प्रदान गरेर उनीहरुको पीडालाई कम गर्ने तालिम उद्देश्य रहेको जानकारी दिनुभयो।

नेपालमा भुकम्प र कोभिड पछाडि मानसिक स्वास्थ्यमा धेरै समस्याहरु देखिएको र यसलाई अझै पनि समाजले समस्याको रुपमा लिन नसक्दा विकराल रुप लिदै गएको उहाँको भनाइ थियो । उहाँले सेवालाई पहुँचयुक्तता र समावेशि सवालसँगै आफ्नो अधिकारको उपभोग विषयमा पनि तालिम प्रभावकारी हुने धारणा राख्नुभयो।

तालिममा राष्ट्रिय अपाङ्ग महासंघ अनुशासन आयोगका सदस्य लोचना अधिकारीले समाजमा अपाङ्गता भएका महिलाले विभिन्न खाले हिंसा भोगिरहेको तर त्यसलाई बाहिर ल्याउन सहज बातावरण नहुँदा पीडा लिएर बाँच्न बाध्य भएको बताउनुभयो । तालिममा प्रदेशमा चार जिल्लाका ३० जनाको सहभागिता रहेको संघका गण्डकी प्रदेशका फोकल पर्सन गंगा देवकोटाले जानकारी दिनुभयो।

# बागलुङका किसानलाई रोपाइँको चटारो

**पोखरापत्र संवाददाता**
**बागलुङ, २३ असार**

असार तेस्रो सातासम्ममा यहाँ ६० प्रतिशत रोपाइँ सकिएको छ । वर्षा भइरहे यसै महिनाभित्रमा अधिकांश भेगमा रोपाइँ सकिने कृषि ज्ञान केन्द्रले जनाएको छ। "छ हजार हेक्टरमा धानखेती हुने गरेकामा अहिलेसम्म तीन हजार ६०० हेक्टरमा रोपाइँ भइसकेको छ", केन्द्रका प्रमुख भानुभक्त भट्टराईले भन्नुभयो, " किसान रोपाइँको चटारोमा छन्, मनसुनले पनि साथ दिएको छ।"

मकैबाली लगाइने खेतमा भने रोपाइँ केही ढिलो हुने गरेको उहाँको भनाइ छ। सिञ्चित र दुई बाली फल्ने खेतमा रोपाइँ छिटो हुन्छ। जिल्लाकै धेरै धानखेती हुने गलकोटको मजुवाफाँट, चिसापानी, ब्राहमुरी, आँगाखेतलगायतका ठाउँमा जेठमै रोपाइँ सकिएको थियो।

ती ठाउँमा बाह्रैमास सिँचाइ सुविधा पुगेको र खोला आसपासमा खेत भएका कारण रोपाइँ छिटो गरिएको हो । त्यस क्षेत्र भएर बग्ने दरमखोला र गौंदी खोलाबाट आएका कुलाले त्यहाँको ठूलो उब्जाउ भूमिलाई सिञ्चित गर्छन् । केन्द्रका अनुसार गलकोटसहित कुश्मीसेरा, खरबाङ, ग्वालीचौर, निसी, बुर्तिबाङलगायतका क्षेत्र छिटो रोपाइँ हुनेमा पर्छन् । रोपाइँ हुने मुख्य महिना असार भए पनि ती ठाउँमा पहिल्यै रोपाइँ सुरु भइसक्छ । मकैबाली हुने खेतमा भने किसानले मकै भिक्रेपछि असार अन्तिम र साउनसम्मै रोपाइँ गर्छन् । यहाँको दक्षिण अमलाचौर, नारायणस्थान, बिहुँ, पाला, मालिका, बुर्तिबाङको उपल्लो भेगलगायतका ठाउँमा भने रोपाइँ ढिलो हुन्छ । जिल्लाको कूल छ हजार हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ। त्यसमध्ये १० हेक्टरमा मात्र चैतेधान लगाइन्छ। "यस वर्ष धानखेती हुने क्षेत्रफल बढ्ने अनुमान छ", उहाँले भन्नुभयो, "उन्नतमा कम र स्थानीय जातकै धानमा किसानको बढी आकर्षण देखिन्छ ।" परालको जोहो र चामलको स्वादका लागि किसानले स्थानीय जातकै धान रोज्ने गरेको उहाँको भनाइ छ।

उन्नत धानतिर किसानलाई आकर्षित गर्न केन्द्रले बीउ वितरण, बिज वृद्धिलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ । उन्नत जातको धान लगाउँदा १५ प्रतिशतसम्म उत्पादन बढाउन सकिने प्रमुख भट्टराईले बताउनुभयो। जिल्लाको २० प्रतिशत सिञ्चित क्षेत्रमा मात्रै धानखेती हुँदै आएको छ। यहाँका किसानले स्थानीय जातका साथै उन्नततर्फ माछापुच्छ्रे, छुन्दुङ, हिमाली, सावित्री, जेठोबुढो, सुक्खा-१, २, ३ लगायत उन्नत धानको खेती गर्दै आएका छन्।

# ऐतिहासिक झोलुङ्गे पुलको संरक्षण

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २३ असार**

म्याग्दी सदरमुकाम बेनी बजारको पश्चिमतर्फ म्याग्दी नदीमाथि रहेको झोलुङ्गे पुल यस क्षेत्रकै मूल्यवान ऐतिहासिक सम्पदाका रूपमा रहेको छ।

पुरानो बजार मङ्गलाघाटमा विसं १९४४ मा निर्माण गरिएको पाति चढाउने डिल र मंगलाघाट जोड्ने उक्त पुल आजभन्दा १३५ वर्ष पहिले बागलुङको गलकोटका स्व लालप्रसाद शेरचनले लुकुर वनको काँचो फलाम र म्याग्दीको रुम गाउँका स्थानीयवासीको पुलमा काम गर्ने सीपलाई प्रयोग गरी सो पुल बनाउनुभएको थियो।

स्थानीय प्रविधि र स्रोतसाधन प्रयोग गरी बनाइएको उक्त झोलङ्गे पुल तत्कालीन समयमा म्याग्दी खोला वारपारका लागि हालिएको यस क्षेत्रकै पहिलो पुल भएको बूढापाकाको भनाइ रहेको छ। बेनी बजारका ज्येष्ठ नागरिक ८१ वर्षीय नैनकुमार श्रेष्ठले काँचो फलामलाई गोलमा तताएर घनले कुटेर साङ्ले लठ्ठा बनाइ खोलामा वारपारका लागि सो पुल हालिएको आफूले आफ्ना बुबाबाट जानकारी पाएको बताउनुभयो । अहिले पुलमा प्रयोग भएको साङ्ले लठा सोही समयमा स्थानीय स्रोत र सीपलाई प्रयोग गरी बनाइएको उहाँको भनाइ छ । तत्कालीन समयमा माथि र तल गरी दुई साङ्ले लठ्ठामा फलामको पाता राखेर एउटा काठको फल्याक मात्रै राखेर वारपार गर्ने झोलुङ्गे बनाइएको उहाँले जानकारी दिनुभयो। विसं २०१४ मा म्याग्दीको बाबियाचौरमा बसोबास गर्ने पुलका निर्माणकर्ता शेरचनका नाति भीमप्रसाद शेरचनको पहलमा झोलुङ्गेलाई हटाएर झोलुङे पुलका रूपमा विकास गरिएको श्रेष्ठले जानकारी दिनुभयो। "यो ठाउँमा पुल बन्नुअघि यस क्षेत्रमा कुनै पनि पुल थिएन, तत्कालीन गुल्मी र बागलुङमा अड्डा रहँदा म्याग्दी र पर्वतका स्थानीयवासी सबैजसो यहीँबाटो वारपार गर्थे लामो समयसम्म म्याग्दीको म्याग्दीखोला पारिका स्थानीयवासी र वारीका स्थानीय वारपार गर्ने मुख्य बाटो यही बन्यो", श्रेष्ठले भन्नुभयो।

सदरमुकाम बेनीमा रहेको जिल्लाकै पुरानो यो पुल ऐतिहासिक धरोहर भएकाले यसको संरक्षणका लागि तीन वर्ष अघि बेनी नगरपालिकाले रु तीन लाख खर्चेर मर्मत गरेको थियो । पुरानो र ऐतिहासिक महत्व बोकेको यो पुलको काठ कुहिएको र जालीसमेत तितरवितर हुन थालेपछि मर्मतका लागि वडा कार्यालयको सिफारिसमा नगरपालिकाको उक्त बजेटमा प्राविधिकको सल्लाहबमोजिम जिल्लाकै पुरानो पुलकोस्वरुप नबिग्रने गरी मर्मत र संरक्षण गरिएको बेनी-७ का पूर्ववडाध्यक्ष राजेन्द्र श्रेष्ठले जानकारी दिनुभयो । स्थानीय स्रोत र सीपलाई प्रयोग गरी बनाइएको साङ्ले लठाको तौल धेरै भएको र अहिलेको जस्तो प्रविधि नभएकाले नदीमा लठ्ठालाई तन्काउन तत्कालीन समयमा यस क्षेत्रका प्रायजसो सबै गाउँका बासिन्दा बेनी झेरका बताइन्छ।

# गण्डकी प्रदेशबाट आगामी आर्थिक वर्षको लागी पोखरा-२२ मा परेका योजनाहरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ असार**

ग ण्ड क ी प्रदेश सरकारबाट आर्थिक वर्ष २०७९/०८० को लागी पोखरा २२ मा बार्षिक विकास कार्यक्रम (रातो किताब) मा न्यूनतम ५ लाखदेखि ५ करोडसम्मका योजनाहरु समेटिएको छ । प्रदेशको अर्थ मन्त्रालयले बुधबार आफ्नो वेवसाइडमा सार्वजनीक गरेको उक्त बार्षिक विकास कार्यक्रममा सो कुरा उल्लेख गरेको छ।

अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनको वडा पोखरा २२ पुम्दी भुम्दीमा आमा समुह, क्लव देखि सडक निर्माणमा बिषेश बजेट विनियोजन भएको छ । उक्त बार्षिक पुस्तिकामा उल्लेख भएको विभिन्न योजनाहरु मध्य कालावाङ भुम्दी तारे भिर चिसापानी ढावा उल्लेरी सडकको लागी ५ करोड विनियोजन भएको । त्यस्तै फुर्सेखोला चिसापानी कुभिन्डे सडकको लागी २ करोड, पुम्दीकोट विशाल महादेवको मुर्ति परियोजना अधुरा कार्य निर्माणका लागी १ करोड, राति पोखरी चोक देखी मोतीराज चोकसम्मको सडक स्तर उन्नती ४० लाख विनियोजन भएको बार्षिक विकास कार्यक्रममा उल्लेख गरिएको छ । त्यस्तै कालावाङ घरेडी घोथाने १२ भाई समाजघर जाने बाटोको लागी १० लाख, धोवी खोला संगम चोकको लागी २५ लाख, ठुलीबिडी धोवीखोला हुँदै द्धारे जोड्ने सडक स्तर उन्नतीका लागी १० लाख, पात्ले काफलडाँडा बेसी सम्यार्पु ग्रामिण सडक स्तर उन्नतीका लागी १० लाख, फलाटे देखी पुम्दीकोट जाने सडक स्तरो उन्नतीका लागी १५ लाख, संगमचोक–साइस्वारा–धोवीखोला सडक स्तर उन्नतीका लागी १५ लाख, भेडी खर्क खेल मैदान निर्माणका लागी ८ लाख, पुम्दी भुम्दी खाने पानी योजनाका लागी २५ लाख, कठौरी पहिरो तथा गुहे खोला नियन्त्रणका लागी १० लाख, देउरालि मन्दिर निर्माण भ्यु प्वाइन्टका लागी ५ लाख, भुने खोला बाटो ढल निर्माणका लागी १० लाख रुपेवाको बजेट विनियोजन भएको छ।

त्यस्तै कुभिन्डे उल्लेरी सम्मको सडक स्तर उन्नतिका लागी ३० लाख, पाखादेखि धारापानी पधेरा जोडने नाला सहितको सडक स्तर उन्नतिका लागी १५ लाख, शान्ति स्तुपा बसपार्क निर्माणका लागी १० लाख, जनजागर्ण दुघ सङ्कलन केन्द्र देखि फुर्सेखोला सम्म सडक (भ्यु प्वाइन्ट)का लागी १० लाख, रातमाटे खोलाखेत खानेपानी आयोजना को लागी ६ लाख, बिश्वकर्मा समाज घर भोटेनिको लागी ५ लाख कालिका मन्दिर संरक्षण संम्बदन ठुलस्वारा को लागी ५ लाख, शान्ति स्तुपा मर्मत संभारको लागी १० लाख कालिका आमा समुह बाट सञ्चालित जेष्ठ नागरिक दिवा सेवा केन्द्रको मर्मत तथा संरक्षण बगुवाको लागी ५ लाख रुपैया विनियोजन भएको अर्थ मन्त्रालयले जनाएको छ । त्यस्तै ठुलिविडि आमा समुह भवन निर्माणका लागी ५ लाख धुम्ति आमा समुह भवन निर्माण राजमार्ग देखि भवन सम्म सिडि मर्मतको लागी ५ लाख, अर्चलबोट आमा समुह भवनको लागी १० लाख,उल्लेरि बहुउदेशिय भवनको लागी १० लाख, गिता ज्ञान पाठशाला भवन निर्माणको लागी १० लाख, भोटेनि दलित सामुदायिक भवन निर्माण योजनाको लागी १० लाख संगम चोक सामुदायिक भवन निर्माण ठुलिविडिको लागी १० लाख, बहुउदेशिय सामुदायिक भवन निर्माण डाडाथोक ठुलिपोखरिको लागी २० लाख, परिवर्तन युवा क्लब खेल मैदानको लागी १० लाख, लुकुन्स्वारा ओडारे खेल मैदानको लागी १० लाख, आँदीखोला टोल बस्ती संरक्षणको लागी १० लाख, पोखरा पन्चासे डक २१ लाख बजेट विनियोजन भएको छ।

# व्यास नपाद्वारा वडा विपद् समिति पुर्नगठन

**पोखरापत्र संवाददाता**
**तनहुँ, २३ असार**

व्यास नगरपालिकाले वडा विपद् समिति पुर्नगठन गर्ने निर्णय गरेको छ।

नगरप्रमुख वैकुण्ठ न्यौपानेको अध्यक्षतामा बसेको बैठकले कार्यविधि अनुसार वडा विपद् समिति पुर्नगठन गर्ने निर्णय गरेको हो । वडा विपद् समितिको संयोजकमा सम्बन्धित वडाका अध्यक्ष रहने व्यवस्था छ।

बैठकमा व्यास नगरपालिका भित्र हालै आएको बाढी पहिराबाट भएको क्षति र तत्काल सम्बोधन गर्नुपर्ने वडागत विवरणको समिक्षा गरिएको छ।

साथै वर्षात्को समयमा सतर्क रहन र कुनै विपद् जन्य समस्या भएमा ०६५-५६००३४ मा तत्काल सूचना दिन समेत नगरवासीमा अनुरोध गरिएको प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले जानकारी दिनुभयो।

बैठकमा व्यास नगर सभामा प्रस्तुत बजेट कार्यक्रममा आएका औपचारिक अनौपचारिक सुझावहरुका सम्बन्धमा समिक्षा गरी आगामी नगर सभामा संशोधन प्रस्ताव पेश गर्ने निर्णय भएको छ।


## सूची दर्ता सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति २०७९ असार २४ गते)**

यस वित्तीय संस्थालाई आ.व. २०७९/८० मा आवश्यक पर्न सक्ने विभिन्न मालसामान, कार्य तथा सेवाहरु जस्तै : छपाई सम्बन्धी कार्य, स्टेशनरी मसलन्द सामानहरु आपूर्ति, अफिस फर्निचर तथा मेटल फर्निचर, सेफ, कम्प्युटर, ल्यापटप, प्रिन्टर, एसेसरिज, ईन्भर्टर, कार्यालय उपकरण, मर्मत संभार, विज्ञापन, खानेपानी आपूर्ति आदि जस्ता सेवा उपलब्ध गराउन ईच्छुक फर्म/कम्पनीले फर्म दर्ता र नविकरण, आयकर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले **१५ दिन भित्र** सूची दर्ताको लागि यस संस्थाको केन्द्रीय कार्यालय सामान्य सेवा विभागमा सूची दर्ता गर्नुहुन सूचित गरिन्छ ।

**सबैको लघुवित्त वित्तीय संस्था लि.**
Sabaiko Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको)
**केन्द्रीय कार्यालय : बन्दीपुर-१, डुम्रे, तनहुँ, फोन: ०६५-५८०४०७**
Email : info@sabaikolaghubitta.com, Website : www.sabaikolaghubitta.com



## ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

**(प्रकाशित मिति २०७९/०३/२४)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण लगानी तथा असुली नीति बमोजिम लिलाम अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपसिल**

| क्र.सं. | ऋणी सदस्य एवं धन जमानतको नाम थर | धितो विवरण |
|---|---|---|
| १ | ● बलभद्र उपाध्यायको नाती नन्दलाल उपाध्यायको छोरा पर्वत जिल्ला पाङ गा.बि.स. वडा नं. ०६ घर भै हाल पोखरा म.न.पा. वडा नं. १८ बस्ने<br>**ऋणी : राम प्रसाद उपाध्याय**<br>● नन्दलाल उपाध्यायको बुहारी राम प्रसाद उपाध्यायको श्रीमती पाङ गा.बि.स. वडा नं. ०६ घर भै हाल पोखरा म.न.पा. वडा नं. १८ बस्ने<br>● **धनजमानत : साबित्रा कुमारी शर्मा** | **राम प्रसाद उपाध्याय**को नाममा मालपोत कार्यालय पोखरा कास्कीमा दर्ता श्रेस्ता कायम रहेको ग्यारजाती गा.वि.स.वडा नं. ७ सिट नं.०९३०८३९ को कित्ता नं. २१०८ को क्षेत्रफल ०-५-०-३ को जग्गा |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

**पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
Pokhara Royal Saving & Credit Co-operative Society Limited
**प्रधान कार्यालय : पोखरा-१०, बुद्धचोक, कास्की**
**फोन नं. : ०६१-५३८८३३**